'अर्को कुरा छिमेकी राज्य पञ्चनाद (कैकेय)- को मगधसँग अटूट सम्बन्ध भएकोमा यो ब्राह्मण कैकेय नरेशलाई साधुवाद दिन्छ। दुई शक्तिशाली राज्यले एकजुट भई एउटा नयाँ शक्ति पैदा गर्नेछन्। यस्तो मेरो विश्वास छ। यस उत्साहमा एक नयाँ समाचार कैकेय नरेशपुत्री छायाँको चन्द्रगुप्तसँग विवाहको निश्चय भएको कुरा जानकारी गराउँदैछु जसले दुवै राष्ट्र सम्बन्धी बन्नेछन्। जसरी भारतवर्ष र युनान सम्बन्धी भए।'

'त्यस्तै यी सबै राजा आफू - आफूमा स्वतन्त्र छन्, तर तपाईं सबैले एक केन्द्रीय शक्तिको अधीनमा रहनुपर्छ जसले विपत्तिमा रक्षा गर्छ। यो विशाल राज्य सुचारु रूपबाट चलोस् भन्ने उद्देश्य त्यसका लागि एउटा केन्द्रीय सेनाको गठन भएको छ जसको सेनापति वीर मलयकेतु हुनुहुनेछ।'

यसरी चाणक्यका प्रत्येक उद्घोषणपछि 'राजर्षि चाणक्यलाई जय' 'महात्मा चाणक्यको जय' उच्चारण गर्दै ताली दिँदै आएका राजाहरूले आफ्नो हार्दिक प्रसन्नता व्यक्त गरे।

चाणक्य प्रदर्शनबाट धेरै टाढा थिए। उनका लागि केही कुनै आकर्षक वस्तु थिएन। एकपटक सबैतिर हेर्दै उनको दृष्टि राक्षसमा आई अडियो।

उनले राक्षसका आँखामा आँसु देखे अनि नम्र स्वरमा गम्भीर बन्दै भने- 'महामात्य! सुख जति बढ्छ दुःख त्यसभन्दा दुई पाइला अगाडि बढेको हुन्छ। सुखका लागि दुःख गर्नु नै जीवनको ध्येय हो। भारतवर्षका महामात्यमा कष्ट उठाउने क्षमता छ, मलाई विश्वास छ, राक्षस रहुन्जेल यो सारा राज्य सुरक्षित छ। यही नै विश्वास मेरो विदाइका बखत सबैभन्दा ठूलो सुख हुनेछ।' क्रमशः

# हस्तकलामै जीवन लेख्ने मछिन्द्र

डम्मर बुढामगर

भाषा, कला, संस्कृति र परम्परा पहिचान हुन्। पहिचानसँग जोडिएका पुराना संस्कार संस्कृति आधुनिक प्रविधिको विकासले संकटमा छन्। जसका कारण मौलिक पहिचान नै गुम्ने खतरा बढाएको छ। एक दशक अगाडिसम्म देखिने मौलिक संस्कृति अहिले निकै कम भेटिन्छन्। सूचना प्रविधिको विकासले हरेक क्षेत्र डिजिटलमय बनेको छ। सहरदेखि गाउँसम्मै प्रविधिको भरपुर प्रयोग भएको छ।

प्रविधिको प्रयोगले जीवन र दैनिकीलाई सहज र सरल त बनाएको छ नै, त्यससँगै यसले हाम्रा कैयन मौलिकता र पृथक विशेषता बोकेका परम्परागत कला, संस्कृति, व्यवसायहरूलाई धरापमा पार्ने खतरा पनि उत्तिकै छ। अहिले हरेक व्यक्तिले आधुनिक प्रविधिको प्रयोग गरेर दैनिकी, कामकाज, व्यापार व्यवसायलाई सहज बनाउने गरेका छन्। तर, बागलुङ बजारमै एक दुर्लभ पात्र छन्, जसले आधुनिक प्रविधि, विकासलाई नपछ्याएरै तीन दशक अघिदेखि आफ्नै मौलिक कलासहितको व्यवसायलाई नै निरन्तरता दिएर फरक पहिचान कायम गरेका छन्।

ती पात्र हुन्- मछिन्द्रप्रसाद शाक्य। लेखन कलाकारितामा उनको पृथकरूपमा स्थापित परिचयचाहिँ 'रन्तल आर्ट'। शाक्यले बागलुङ बजारमा ३१ वर्षदेखि चित्र कोर्ने ब्यानर, बोर्ड लेखेरै जीवनयापन गरिरहेका छन्। सानैदेखि चित्र कोर्ने, पेन्टिङ गर्ने कार्यमा रुचि राख्ने शाक्यले अन्ततः कलालाई आफ्नो व्यवसायको रूपमा अघि बढाए। बाबा पदमप्रसाद शाक्यबाट चित्र कोर्न सिकेका शाक्यले अहिलेसम्म अनगिन्ती लेखन र तस्बिरहरू कोरिसके, त्यसको कुनै लेखाजोखा छैन।

शाक्यले २०४५ सालमा शिक्षण पेसा पनि अँगाले। शिक्षण पेसाले पनि उनलाई सन्तुष्टि मिलेन। बागलुङको मालिका माविमा दुई वर्ष शिक्षण पेसा गरेपछि उनी काठमाडौं छिरे। वि.सं. २०४६ मा बिए पास गरेपछि माथिल्लो तहको पढाइका लागि २०४७ सालतिर राजधानी गएका शाक्यले त्यहाँ विभिन्न आरोह अवरोह र चुनौतीको सामना गर्नुपर्‍यो। राजधानीमा पढ्दै बाँच्ने क्रममा आर्थिक अभावका कारण शाक्य एक निर्यात कम्पनीमा काम सुरु गरे।

त्यस समयमा पनि आफूले निकै समस्या भोग्नुपरेको अनुभव शाक्यले सुनाउँछन्। त्यसबखत ठेलागाडामा सामान ओसारपसारसमेत गरेको उनको भनाइ छ। त्यसको केही वर्षपछि बागलुङ फर्किएरै लेखन कला व्यवसाय आरम्भ गरेको शाक्यले बताए। 'पढ्नका लागि ४७ सालतिर म काठमाडौं गएँ, काठमाडौं धेरै आरोहअवरोहहरू पार गरेँ, ठेलागाडामा सामानसमेत ओसारेँ,' शाक्यले भने, 'त्यसपछि म बागलुङ फर्किएर लेखनसम्बन्धी काम गर्न थालेँ।'

वि.सं. २०४९ देखि व्यावसायिकरूपमा चित्र कोर्न थालेका शाक्यले सुरुमा तत्कालीन राजा स्वर्गीय महेन्द्र शाहको तस्बिर कोरेका थिए। त्यससँगै उनले विभिन्न देवीदेवता र प्रकृतिको तस्बिर कोरे। शाक्य अहिले उमेरले ५६ वर्ष भए तर उनको लेखन र चित्रकलाप्रतिको भोक, प्यासन, लगाव, समर्पण निकै उत्साहप्रद छ।

चित्र कोर्ने, ब्यानर, साइनबोर्ड लेख्नेलगायतका कलाबाटै सिंगो परिवारको जीविकासमेत चलाउँदै आएका छन्। सुरुमा टिनको पातामा चित्र कोर्ने गरेका शाक्यले पछिपछि कपडालगायत विभिन्न वस्तुहरूमा पेन्टिङ गर्न थाले। ब्यानर र साइनबोर्ड लेख्न आफ्नो साथीबाट सिकेका शाक्यले चित्रहरू भने आफैं कोर्न सके।

अहिले पनि चित्र कोर्ने, ब्यानर र साइनबोर्ड लेख्न र वाल पेन्टिङको काम दैनिकजसो गर्दै आएका छन्। वि.सं. २०४६ मा स्नातक पास गरेका शाक्यले अरु जागिर पनि गर्न सक्ने प्रशस्त सुविधा, अवसर र क्षमता थियो। तर, जीवनमा कलाप्रतिको आशक्तिले त्यसबाट बाहिर जाने र सोच्ने कुरा शाक्यका लागि गौण बन्यो।

काठमाडौंबाट गाउँ फर्किएपछि शाक्यले २०४९ सालमा बागलुङमा 'रन्तल आर्ट' खोले। त्यसबेलादेखि सुरु भएको शाक्यको व्यावसायिक कला व्यवसाय अहिले पनि उत्तिकै ऊर्जा र उत्साहका साथ निरन्तर सञ्चालनमा छ। नौ सय रूपैयाँबाट व्यवसाय सुरु गरेका शाक्य लेखन कला व्यवसायबाटै सुविधा सम्पन्न घरसहितको सम्पत्ति जोड्न सफल छन्। आफ्नै कलामा रमाउने शाक्यलाई घर्किंदो उमेरले केही फरक नै पारेको छैन।



'सुरुमा बुबाले ९०० रूपैयाँको बेञ्च र टेबल ल्याइदिनुभयो, त्यही बेञ्च र टेबलबाट सुरु गरेको व्यवसाय अहिलेसम्म चलिरहेकै छ,' शाक्यले भने, 'जहिलेसम्म हातले कलम र मसी समात्न सक्छ, त्यसबेलासम्म यो व्यवसाय चल्नेछ, अरुजस्तो दुःख छैन, जतिबेला गरे पनि भयो, आफ्नै हिसाबले काम गर्न पाइन्छ, कसैको दबाब सहनु परेन, आनन्दै छ।'

शाक्यले आफ्नो यही पेसाबाटै दुई छोराको उच्च शिक्षा पढाइ सकाएका छन्। जेठो छोरा अहिले अध्ययनकै लागि अस्ट्रेलिया पुगेका छन्। परिवारको जीविकोपार्जनसँगै शाक्यको बागलुङ बजारको सिर्जना टोलमा पक्की घर खडा छ। दुई छोरा र श्रीमतीसहित चार जनाको परिवार खुसीसाथ जीवन निर्वाह भइरहेको शाक्य बताउँछन्। 'मलाई यही पेसामा आनन्द छ, दुःख भए पनि झण्झट भए पनि काम गर्न मज्जा आउँछ, अरु पेसामा चासो पनि दिइएन, अहिले ३१ वर्ष भयो मैले यो पेसा सुरु गरेको, अहिलेसम्म परिवार खुसी नै छ, सबै जना सन्तुष्टि नै छन्, जीविकापार्जन पनि राम्रै भएको छ,' शाक्यले भने, 'परिवारलाई खुसी राख्नु नै मेरो दायित्व हो, अहिलेसम्म राम्रै चलिरहेको छ।'

बढ्दो प्रविधिका कारण मौलिक कला संकटमा पर्दै गएको शाक्यले बताए। उनले पहिले अत्यधिकरूपमा हुने भित्ते लेखन, ब्यानर, साइनबोर्ड लेखनहरू अहिले फ्लेक्स प्रिन्टले गर्दा निकै कम भएको बताउँछन्। 'पहिलपहिले भित्ते लेखन, व्यावसायिक साइन बोर्डहरू लेख्नका लागि निकै आउने गर्थे तर अहिले ह्वात्तै घटेको छ, व्यवसायीहरूले पनि फ्लेक्स प्रिन्ट गर्नतर्फ लागे, त्यसले गर्दा यो काम निकै कम आउने गरेको छ,' शाक्यले भने, 'केही वर्ष अगाडिसम्म त भ्याइनभ्याइ हुन्थ्यो, हातले लेख्न कामहरू अहिले विस्तारै घटिरहेको छ।'

उनले आधुनिकताले कला क्षेत्रलाई प्रभाव पारे पनि आफूले यही रूपमै आफ्नो व्यवसायलाई निरन्तरता दिने बताए। शाक्यले पेन्टिङले नै आफूलाई चिनाएको भन्दै आफू फ्लेक्सतिर नलागेको बताए। 'म यो कामलाई सक्दासम्म निरन्तर गरिरहन्छु, मलाई यही कलाले चिनाएको हो, यतिका वर्ष भयो मैले यसैलाई नै निरन्तरता दिएको छु, यो मेरो कला हो, कला बेच्छु,' उनले भने, 'डिजिटल त जसले पनि बनाउन सक्छ, यस्तो कला सबैमा हुँदैन।'

शाक्यले आफूलाई भगवानले नै गरी खान भनि यस्तो कला दिएकोमा विश्वास छ। आफूले बायाँ हातले नै सबै चित्रहरू कोर्ने र लेख्ने गरेको भन्दै कलाको संरक्षण सबैले गर्नुपर्ने शाक्यको भनाइ छ। नौ सय रूपैयाँबाट कला व्यवसाय सुरु गरेका शाक्यले अहिले वार्षिक १५ लाखभन्दा बढी आम्दानी गर्दै आएको बताउँछन्। शाक्यको पसलमा अहिले पनि सयौं नागरिकहरू चित्र कोर्न र कलासम्बन्धी कामहरू लिएर आउने गर्छन्।

'पहिलेको तुलनामा डिजिटल प्रविधिको आगमनले केही प्रभाव त पारेकै छ, तर अझै पनि धेरै नागरिकहरू विभिन्न काम लिएर आउने गर्नुहुन्छ, कहिलेकाहीँ भित्ते लेखनको काम पनि हुन्छ, गाउँगाउँ पुग्छु, यो व्यवसाय अझै पनि राम्रो छ,' शाक्यले भने, 'कहिले दिनमै २० हजार पनि हुन्छ, कहिले आम्दानी निकै कम हुन्छ तर कमाइ भएन भनेर निराश हुनुपर्ने अवस्था भने छैन, पहिलेको तुलनामा केही कम भएकै छ, त्यस्तो ठप्पैचाहिँ भएको छैन।'

रन्तल आर्ट पुग्यो भने त्यहाँ दर्जनौं प्रकारका चित्र/स्केचहरू देख्न सकिन्छ। उनले आफ्नो कार्यकक्षदेखि घरका भित्ताहरू पनि आफैंले कोरेका आकर्षक चित्रहरू राखेका छन्। जसले उनको घरमा प्रवेश गर्दा मात्रै पनि कुनै आकर्षक 'कला घर' मा प्रवेश गरेको अनुभूति हुन्छ। डिजिटल बजारको माग र प्रभाव बढ्दै गए पनि आफूलाई मौलिकता र आफ्नो कलामा विश्वास भएकाले आम्दानी र भविष्यमा निराश हुनुपर्ने अवस्था नभएको शाक्य बताउँछन्।

'मलाई आफ्नो कला पौरखमा विश्वास र भरोसा थियो, छ। यो काम गर्न मलाई निकै उत्साह जागेर आउँछ,' उनले भने, 'आफूले तयार गरेका कलाहरूको पनि असिम माया लागेर आउँछ, अरुले बनाएको कलाप्रति पनि उत्तिकै सम्मान गर्न मन लाग्छ।' अब आफ्नो घरलाई नै आकर्षक 'आर्ट ग्यालरी'को रूपमा सजाउने सपना रहेको उनले बताए। अहिले घरका भित्ता, झ्याललगायतका ठाउँमा चित्रहरू राखेको उनको भनाइ छ।

पछिल्लो पुस्ताले यसतर्फ ध्यान नदिँदा यो क्षेत्रनै संकटमा पर्ने डर उनमा छ। अहिलेका युवा पुस्तामा चित्र कोर्ने, ब्यानर लेख्ने चासो देखिँदैन। उनीहरूलाई केही चाहिँदाबित्तिकै डिजिटल बोर्ड छाप्न गइहाल्छन्। उनलाई भोलि यो क्षेत्र पनि कतै लोप होला कि भन्ने चिन्ताले सताएको छ। *रासस*

> काठमाडौंबाट गाउँ फर्किएपछि शाक्यले २०४९ सालमा बागलुङमा 'रन्तल आर्ट' खोले। त्यसबेलादेखि सुरू भएको शाक्यको व्यावसायिक कला व्यवसाय अहिले पनि उत्तिकै ऊर्जा र उत्साहका साथ निरन्तर सञ्चालनमा छ। नौ सय रूपैयाँबाट व्यवसाय सुरू गरेका शाक्य लेखन कला व्यवसायबाटै सुविधा सम्पन्न घरसहितको सम्पत्ति जोड्न सफल छन्। आफ्नै कलामा रमाउने शाक्यलाई घर्किंदो उमेरले केही फरक नै पारेको छैन।

## पत्र-मञ्जुषा

### पानीमा राजनीति र व्यापार !

केही वर्षयता काठमाडौंमा जनसंख्या ह्वात्तै बढेको छ। बढ्दो जनसंख्याले गर्दा काठमाडौं अस्तव्यस्त बनेको छ। विभिन्न जिल्लाका स्थायीवासीहरूले काठमाडौंलाई आफ्नो थलो बनाएका छन्। शिक्षा, रोजगारी, उपचारलगायतका सेवासुविधाका लागि पनि राजधानी बसोबास गर्नेको संख्यामा वृद्धि भएको हो। काठमाडौंका सबैजसो घर बहालमा लगाइएको छ। एउटै घरमा धेरै व्यक्ति कोठा बहालमा लिएर बसेका हुन्छन्। एकातिर खुला ठाउँ छैन, अर्कोतिर पानीको अभाव।

बढ्दो जनसंख्या र अस्तव्यस्त सहरीकरणले गर्दा यहाँ पानीको हाहाकार छ। विगत धेरै वर्षदेखि यहाँ बसोबास गर्ने सर्वसाधारणले यो समस्या झेल्दै आएका छन्। लुगा धुन, नुहाउन, खाना पकाउन, सरसफाइ गर्न, शौचालय जान हरेक कामका लागि पानी चाहिन्छ। पानीविना मानिसको जीवन अकल्पनीय छ। यसलाई मध्यनजर गर्दै सरकारले मेलम्चीको पानी राजधानी ल्याएको छ। सरकारले मेलम्चीको पानी ल्याए पनि अधिकांश बस्तीमा पुग्न सकेको छैन।

एउटा घरमा १२ देखि २० वटासम्म कोठा बहालमा लगाइएको छ। ती सबैलाई पुग्ने पानी त छैन। घरधनीको सबैभन्दा सहज आम्दानीको स्रोत भनेको कोठा बहाल नै हो। मासिक भाडा आइरहन्छ। घरधनीले मागेजति भाडा तिर्दा पनि कोठा बहालमा पाइँदैन। पैसाचाहिँ मागेजति तिर्नुपर्छ तर पानी र सेवा सुविधाचाहिँ

शून्य छ। बहालमा बस्नेले पानी किनेर चलाउनुपर्ने बाध्यता छ। खानदेखि लिएर सबै कामकाजका लागि पानी किनेरै चलाउनुपर्छ।

अहिले एक जार पानीको ५० देखि ८० रूपैयाँ लिन्छन्। ठाउँ हेरेर जारको पानीको मूल्य राखिएको छ। मिनरल वाटरको २० देखि ३० रूपैयाँसम्म पर्न जान्छ। घरधनीले ठाउँ हेरेर एउटा कोठाको चार हजारदेखि १२ हजारसम्म बहाल लिन्छन्। बत्ती, फोहोर र पानीको पैसा थप दिनुपर्छ। पानीको पैसाचाहिँ लिइरहेका छन् तर पानी सबै किन्नुपर्छ। जारको पानी किनेर कति साध्य लाग्छ ? टचांकरको किनेर प्रयोग गर्नु परिरहेको छ। एक टचांकर पानीको ३५ सयदेखि पाँच हजारसम्म लिन्छन्।

घरधनीले टचांकर खरिद गर्दा लागेको रकमचाहिँ बहालमा बस्नेसँग आधाआधा गर्छ। तर, पानीचाहिँ बाल्टिनले नापेर दिन्छ। टचांकरहरूले खोलाबाट सीधै उठाएर र जमिनमुनिबाट बारिङ गरेर ल्याएको हुन्छ। त्यो पानी प्रयोग गर्न योग्य छ कि छैन कसैलाई थाहा छैन। टचांकरवालाले पानी ल्याउँछ, झारिदिन्छ, पैसा लिन्छ अनि जान्छ। तर, प्रयोग गर्न नहुने पानी पनि बिक्री वितरण भइरहेका छन्।

उपत्यकाभित्र ६३४ वटा पानी बोक्ने टचांकर सञ्चालनमा रहेको बताइन्छ। तीमध्ये कति टचांकरहरूको आयु पुगिसकेको छ। २० वर्ष नाघिसकेका टचांकरहरू पनि सञ्चालनमा छन्। पुराना भएका कारणले बाटाभरि पानी चुहाउँदै ओसार्छ। पानी किन्ने सर्वसाधारणको घरको रिजर्भ टचांकीमा ल्याएर पानी खन्याउँदा आधा पनि आउँदैन। आधा त बाटोमा चुहिएरै सकिसकेको हुन्छ। सरकारले पानी बोक्ने टचांकरको वर्गीकरण गरे पनि व्यवसायीले कार्यान्वयन गरेका छैनन्।

जनताले पानी खरिद गरेको रकम सरकारले तोकेको होइन। आफूले तिरेको पैसा महँगो हो कि सस्तो ? जनता र सरकार दुवै अनभिज्ञ छन्। टचांकर व्यवसायीले मान्छे हेरेर पानीको मूल्य निर्धारण गरेको छ। टचांकरले पानी सीधै खोलाबाट र बोरिङबाट ल्याउने हुँदा त्यस्तो पानीको प्रयोगबाट जनस्वास्थ्यमा गम्भीर असर परिरहेकोप्रति सरोकारवाला निकायको ध्यान गएको देखिँदैन। पानीका कारण हुने गम्भीर संक्रमणप्रति कसले आवाज उठाउने ?

यहाँ पानीको व्यापार चलेकै छ। उनीहरूलाई राजनीतिक संरक्षण छँदै छ। पानीको नारा लगाएर राजनीति चलाएका छन्। आखिर मारमा त उपभोक्ता नै हुन्। उपभोक्ता भनेको सर्वसाधारण जनता नै हुन्। पहुँचवाला, व्यापारी, धनी व्यक्तिहरूले यो समस्या भोग्नै पर्दैन। पानी अभावको पीडामा रहेका राजधानीवासीको आवाज कुनै दिन विष्फोट हुनसक्छ। विद्रोहको उक्त विष्फोटबाट सत्तासीन दल तथा नेताहरूले ठूलो चुनौती सामना गर्नुपर्नेछ। यथाशीघ्र यो समस्याको सम्बोधन गर्ने या चुनौती सामना गर्ने भन्नेमा गम्भीर बनून्।

*- अनुसा थापा, भक्तपुर*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ। सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# कर्णालीका वादी समुदायले पाएनन् जमिन

**सुर्खेत/भेरीगंगा–** कर्णाली प्रदेशका वादी समुदायको अवस्था दयनीय बनेको छ । उनीहरूले राज्यबाट आफ्नो स्वामित्वमा जग्गा पाउन नसक्दा र शिक्षा, स्वास्थ्यमा पहुँच नहुँदा अवस्था दयनीय बनेको हो ।

नेपालको संविधान-२०७२ ले हरेक क्षेत्रको प्रतिनिधित्व हुनुपर्ने गरी समानताको हकको व्यवस्था गरेको छ । अझै धारा ४० ले दलितको छुट्टै अधिकारको व्यवस्था गरेको छ । यी समस्याको समाधानका लागि उनीहरूले हरेक पटक न्यायको ढोका ढकढक्याए पनि समस्या समाधान हुन नसकेको गुनासो गरेका छन् ।

वि.सं. २०७७ मा वादी समुदायले आफ्नो नाममा जग्गा उपलब्ध गराइदिन माग गर्दै १७ दिनसम्म गरेको आन्दोलनबाट माग सम्बोधन गर्ने भन्दै लिखित सम्झौता भए पनि अहिलेसम्म पनि सम्झौता कार्यान्वयन भने हुनसकेको छैन ।

दैलेखको नारायण नगरपालिका वडा नम्बर १ मा ६५ घरधुरी वादी समुदायको छ । उनीहरू ऐलानी जमिनमा बस्दै आएका छन् । आफ्नो स्वामित्वमा जग्गा नहुँदा हरेक समस्या भोग्नुपरेको गुनासो यो समुदायको छ । त्यहाँ उनीहरू ढुक्कले बस्ने अवस्था नभएको भन्दै सरकारले कतिबेला उठ् भन्छ र सडकमै बास हुन्छ भन्ने त्रास रहेको स्थानीय सिर्जना वादी बताउँछिन् ।

'नगरपालिकाले यो बस्ती उठाउने भनेको छ, कतिबेला उठाउँछ र हामी घरविहीन बन्छौं,' सिर्जना भन्छिन्, 'हामीले वर्षौंदेखि समस्या भोग्दै आएका छौं, यदि हामीलाई यो ठाउँबाट उठाउने हो भने अर्को ठाउँमा बस्ने व्यवस्था गर्नुपर्छ ।' एकातिर उत्पादन गर्ने जमिन छैन भने अर्कोतिर वेरोजगार समस्यामा आफूहरू रहेको सिर्जनाको भनाइ छ ।

त्यही बस्ती दुर्गा वादीले भने पहिलेको भन्दा समय परिवर्तन भएको भन्दै अब आफूहरूलाई सरकारले जग्गा दिनुपर्ने बताइन् । उनले जग्गासँगै बालबालिकाको शिक्षा, स्वास्थ्यको ग्यारेण्टी सरकारले लिनुपर्ने माग गरिन् । 'पहिलेभन्दा केही फरक त भएको छ,' उनले भनिन्, 'अब हामीलाई जग्गा सरकारले दिनुपर्छ र हाम्रा बालबालिकाले पढ्न पाउनुपर्छ ।' आफूहरूले गाडीमा सामान लोड अनलोड गरेर परिवार चलाउँदै आएको बताउँदै त्यही समुदायकी रञ्जु वादीले भनिन्, 'सबै परिवार अटाउने घरसम्म छैन, घर बनाउन जग्गा छैन ।'

वादी समुदायका बालबालिका शिक्षाको पहुँचमा पनि छैनन् भने उनीहरूले हरेक दिन समस्या भोग्दै आएका छन् । सदियौंदेखि जमिनविहीन रहेको यो समुदाय पहिरोको पनि जोखिममा रहेको छ । नाचेर, गाएर तथा मादल र सुल्पा बेचेर जीविकोपार्जन गर्दै आएको वादी समुदाय पुराना काम गर्न छोडेपछि आम्दानीको स्रोत बन्द भएको छ । *रासस*

# दुर्घटनामा परी बेपत्ता दुई जनाको शव फेला

**कालिकोट (प्रस)–** जिल्लाको सान्नी त्रिवेणी गाउँपालिका-१ स्थित कर्णाली नदीमा जेसिबी दुर्घटना हुँदा बेपत्ता भएका तीन जनामध्ये दुई जनाको शव फेला परेको छ । शव सशस्त्र प्रहरीको गोताखोरले ती शव फेला पारेको हो ।

फुकोट जलविद्युत् आयोजनाको जेसिबी यही मंसिर २४ गते दुर्घटनामा परेका थियो । जेसिबीमा रहेका आठ जनामध्ये दुई जनाको घटनास्थलमै मृत्यु भएको थियो भने तीन जना घाइते र तीन जना बेपत्ता भएका थिए ।

बेपत्ता भएकामध्ये सोही गाउँपालिका-१ बस्ने २० वर्षीय उमेश गिरीको शव सोमबार र कैलाली जिल्लाको लम्कीचुहा नगरपालिका-४ बस्ने २३ वर्षीय जेसिबीका चालक मंगल चुडारीको शव मंगलबार फेला परेको सशस्त्र प्रहरीले जानकारी दिएको छ । सशस्त्र प्रहरी बल नेपाल आश्रित गुल्म कालिकोट र नम्बर ४२ रिजर्भ गण बाँकेबाट गएको गोताखोरले गिरी र चुडारीको शव फेला पारेको हो । उनीहरूसँगै दुर्घटनामा परी हराइरहेका सोही गाँउपालिकाका १९ वर्षीय रक्तिम सार्कीको खोजी कार्य जारी रहेको जानकारी दिइएको छ ।

आयोजनाको सुरुङभित्र पानी हेरी फर्कँदै गरेको प्रदेश नं. ३-०१-००३ क ६७७४ नम्बरको जेसिबी कर्णाली करिडोरबाट अन्दाजी ८० मिटर तल कर्णाली नदीमा खसेको थियो ।

# सवा २४ लाखसहित पक्राउ

**धनुषा (प्रस)–** मोटरसाइकलको टयांकीभित्र लुकाइछिपाइ ल्याउँदै गरेको २४ लाख १७ हजार नेपाली रूपैयाँसहित एक जना पक्राउ परेका छन् । सशस्त्र प्रहरीले मंगलबार भारत घर बताउने २३ वर्षीय उमेश कुमारलाई नियन्त्रणमा लिएको हो ।

जिल्लाको बिदेह नगरपालिका-९ इटहर्वास्थित सीमा इलाकाबा सशस्त्र प्रहरी बल नेपाल नम्बर २ छिन्नमस्ता बाहिनी मुख्यालय महोत्तरीले उनलाई नियन्त्रणमा लिएको जानकारी दिइएको छ । विशेष सूचनाका आधारमा खटिएको सशस्त्र प्रहरीले भारतबाट नेपालतर्फ आउँदै गरेको प्रदेश २-०२-००५ प ५७९८ नम्बरको मोटरसाइकलमा उक्त रकम फेला पारेपछि उनलाई नियन्त्रणमा लिएको सशस्त्र प्रहरीको भनाइ छ ।


## बहराईनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : JANNATY BAHARAIN FOOD INDUSTRIES CO. WLL

पूर्व स्वीकृति मिति २०७९/०८/२६ | LT. No. 277673 | चलानी नं. ६०१९३२४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब BHD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electrical Maintenance Technician | 5 | 0 | 170 | ५९,६९५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Mechanical Maintenance Technician | 5 | 0 | 150 | ५२,६७५ | | | | | | | |
| 3 | Technician Worker | 7 | 0 | 150 | ५२,६७५ | | | | | | | |
| 4 | Worker/labour | 40 | 20 | 100 | ३५,११५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष ६ गते (21st Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Sherpa International Manpower Consultancy Pvt. Ltd.** Govt. License 430/060/061

Koteshwor-32 Kathmandu, Nepal, Tel: +97714361975, Fax: +977 1 4364821

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MADA AL SHARQ LOGISTICS SERVICE ONE PERSON COMPANY

पूर्व स्वीकृति मिति: २०७९/०७/२४ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०८/२७ | LT . No. 275470 | चलानी नं. ६०१९०९२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Truck Driver | 6 | 0 | 1800 | ६३,३५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष ६ गते (21st Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Prince International Employment Service Pvt. Ltd.**

श्रम ईजाजत नं. ४३५/०६०/०६१

Samakhusi-26 Ktm, Nepal, Tel : +977-1-4387650, E-mail : info@princeies.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : NILAM JAUHARI SDN BHD | शहर : Ampang | पुन विज्ञापन

पूर्व स्वीकृति मिति : २०२२/०६/२६ | पुन विज्ञापन स्वीकृति मिति : २०२२/१२/१३ | LT. No. 265795 | चलानी नं . ६०१८१८२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cargo Handler | 110 | 0 | 1500 | ४४,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष ६ गते (21st Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**SKY POWER INTERNATIONAL SERVICE PVT. LTD.(EVEREST GLOBAL RECRUITMENT SERVICE PVT LTD)**

श्रम ईजाजत नं. १२७५/०७४/७५

Sallaghari Marg, Bansbari, Kathmandu

Tel:-+977 4372262, 4375012, Email:-skypower.rec@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ABDUL KARIM DAHAM SALEM AL DAHAM CAR SERVICE WORKSHOP

पूर्व स्वीकृति मिति २०७९/०८/०२ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०८/२७ | LT. No. 275907 | चलानी नं. ६०१९१५१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Car Electrician Worker | 1 | 0 | 1000 | ३५,१९५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Car Mechanic Worker | 2 | 0 | 1000 | ३५,१९५ | | | | | | | |
| 3 | Plumber Vehicles | 1 | 0 | 1700 | ५९,८३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष ६ गते (21st Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**RECENT JOB PLACEMENT PVT. LTD** श्रम ईजाजत नं. १३१८/७४/७५

Tokha Municipality-05, Basundhara-8, Kathmandu Tel: +977-1-4390467,4355536

Email: recentjobplacement@gmail.com.np, Website: www.recentjobplacement.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CALICUT NOTE BOOK RESTAURANT

पूर्व स्वीकृति मिति:२०७९/०८/२७ | चलानी नं.६०१९३२५१ | LT. No.275125

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 2 | 0 | 1000 | ३६,३५५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Driver | 1 | 0 | 1400 | ५०,८९५ | | | | | | | |
| 3 | Labour | 2 | 0 | 1000 | ३६,३५५ | | | | | | | |
| 4 | Marketing | 1 | 0 | 3500 | १२७,२४० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष ६ गते (21st Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**SAUGAT EMPLOYMENT SERVICE PVT. LTD.**

Battisputali, Ram Mandir Marg, Kathmandu, Nepal

Tel: +977-01-4489384, 4589384 Mob.9851086131

E-mail : saugatemployment1221@gmail.com

श्रम ईजाजत नं. १२२१/०७४/०७५

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : ZENMAN INDUSTRIES SDN.BHD.

पूर्व स्वीकृति मिति : २०७९/०८/२७ | LT No.277692 | चलानी नं. :६०१९३२६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 15 | 5 | 1500 | ४४,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष ६ गते (21st Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**RED SUN EMPLOYMENT SERVICE PVT.LTD.(RED SUN SOLUTIONS PVT.LTD)**

Govt. License 1274/074/75

Chabahil-7, Chuchepati, Kathmandu, BAGMATI

Tel : +977-01-5210104

Email: inforedsun2017@gmail.com,

Web: www.redsunemployment.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FACTORY AL TAQNIYYAH FOR CARTON

पूर्व स्वीकृति मिति: २०७९/०८/२५ | LT. No.277589 | चलानी नं. ६०१९३२६४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carton Cutting Piston Operating Worker | 2 | 0 | 1000 | ३५,१९५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Carton Lining Machine Worker | 1 | 0 | 1000 | ३५,१९५ | | | | | | | |
| 3 | Worker | 2 | 0 | 1000 | ३५,१९५ | | | | | | | |

कम्पनी : RESTAURANTS FIKR WABIDA FOR MEALS

पूर्व स्वीकृति मिति: २०७९/०८/२७ | LT. No.277693 | चलानी नं. ६०१९३२३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Labor | 8 | 0 | 1000 | ३५,१९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष ६ गते (21st Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Overseas Employment (P.) Ltd.** श्रम ईजाजत नं. १२०८/०७३/०७४

Bhimsengola, Baneshwor-34, Kathmandu, Nepal Tel:+977-1-4110069

E-mail: overseas4employment@gmail.com

## Kuwait मा बैदेशिक रोजगारको अवसर

1. Company: NISHAN HOLDING CO. K.S.C.H., Kuwait | पून:विज्ञापन

पूर्व स्वीकृति मिति:- २०७९।०३।१४ | च. न.:-६०१८२०६६ | LT No:- 266086

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | नेरु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Certified Electricians | 02 | - | काममा दक्ष | 115 | ४९,५१०।- | ६ दिन | ८ घण्टा | क. नि. अनुसार | क. नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Certified Plumber | 02 | - | | 115 | ४९,५१०।- | | | | | | | |
| 3 | Certified Painters | 02 | - | | 115 | ४९,५१०।- | | | | | | | |
| 4 | Experience Housekeeping | - | 03 | | 110 | ४७,३५७।- | | | | | | | |
| 5 | Cleaners | 02 | - | | 100 | ४३,०५१।- | | | | | | | |
| 6 | AC Technician | 01 | - | | 150 | ६४,५७७।- | | | | | | | |

अन्तर्वार्ता २०७९ पौष ६ गते (21 Dec., 2022) मेनपावर कार्यालय बालुवाटारमा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/ नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष यवस्था | सेवा शुल्क तथा जम्मा खर्च |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | नि:शुल्क | नि:शुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १,५००।- | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी :- (१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला। (२) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। (३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला। (४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला। (५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला। सो को १ प्रति आफूसंग राख्नु होला। (६) काममा बिदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला। अन्यथा ठगिने सम्भावना हुन्छ। (७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क राख्नु होला।

KATHMANDU OVERSEAS PVT. LTD. HUMAN RESOURCES & LOGISTIC SUPPORT Redge No. 265/058/059

श्रम इजाजत नं. २६५/०५८/०५९

**काठमाण्डौ ओभरसिज प्रा. लि.**

बालुवाटार, काठमाण्डौ, फोन नं. ०१-४५४५३९५, ४५४५३९६

Email: kathmandumanpower@gmail.com


## बूढानीलकण्ठ नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

हात्तीगौडा, काठमाण्डौं

बागमती प्रदेश, नेपाल

### बालुवाको लिलाम बढाबढ सम्बन्धी शिलबन्दी दरभाउपत्रको बोलपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७९/०८/२८**

यस नगरपालिका भित्रका तपसीलका खहरेखोल्साहरुबाट नगरपालिकाको स्वीकृत नलिई अवैध रुपमा बालुवा उत्खनन भई संकलन भएकोले उल्लेखित संकलन भएको बालुवा जफत गरि लिलाम बिक्रि प्रक्रिया गर्नुपर्ने भएकोले तपसीलका क्षेत्रहरुमा संकलन भएको बालुवा नगरसभाले तोकेको दररेट नघट्ने गरी लिलाम बढाबढमा उठाएर लैजाने ईच्छुक (मु.अ.कर दर्ता प्रमाण पत्र, आ.व. २०७८/७९ सम्मको फर्म नविकरण, आ.व. २०७८/७९ को कर चुक्ता प्रमाण पत्र भएका) फर्म, कम्पनी वा नेपाली नागरिकताको प्रमाणपत्र भएका व्यक्तिले नगरपालिकाबाट तोकिएको न्युनतम अंकमा नघट्ने गरी पेश गर्नहुन यो सूचना प्रकाशित भएको मितिले २१ औं दिनको (मिति २०७९/०९/१९ गते) कार्यालय समय भित्र बोलपत्र फारम खरिद गरी यो सूचना प्रकाशित मितिले २२ औं दिनको (मिति २०७९/०९/२० गते) १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गराउन हुन यो सूचना प्रकाशित गरिएको छ र उक्त फारम सोही दिन, दिनको १:०० बजे उपस्थित प्रतिनिधिहरुको रोहवरमा यसै कार्यालयमा खोलिने छ । साथै शिलबन्दी दरभाउपत्रको बोलपत्र आवहान सूचना यस नगरपालिकाको वेबसाइट www.budhanilkanthamun.gov.np र सूचना पाटीमा हेर्न सकिनेछ ।

**तपशिलः**

| सि.नं. | क्षेत्र | संकलन भएको बालुवाको परिमाण (घ.मि.) | जम्मा रकम रु. | फारम दस्तुर रु. | धरौटी |
|---|---|---|---|---|---|
| १ | बू.न.पा १३, च्यानेखोला तथा वडा नं. २ बँदेली आसपासको क्षेत्र | ५,५५०।- | २७,७५,५००।- | १०००।- | कवोल अंकको ५ प्रतिशतले हुने जमानतको रकम। **बैंक:-** प्रभु बैंक **खातावालाको नाम:-** बूढानीलकण्ठ नगरपालिका **खाता नं.:** १०००००९५२६२५०००४६ |
| २ | बू.न.पा ४, ६ र ७ अन्तर्गतका बिष्णुमती तथा लुँडेखोला च्यासिन्डोल आसपासको क्षेत्र | १३,३९०।- | ६६,९५,५००।- | १०००।- | |

# प्रभाव दैनिक

बुधबार, २८ मंसिर २०७९ (Wednesday, December 14, 2022)


## रूपशाला

### 'सरी मम' ५ माघबाट

चर्चित फिल्म 'सरी मम' को प्रदर्शन मिति परिवर्तन गरिएको छ । निर्माण युनिटले फिल्मको ट्रेलर सार्वजनिक गर्दै फिल्मको प्रदर्शन मिति मंसिर २९ बाट माघ ५ पुर्याएको हो । प्रचार प्रसार र हलिउड फिल्म 'अवतार' आएको कारण फिल्म सारिएको निर्माता विनोद लामाले बताए । उनले आँखा अगाडी परिरहने समाजको कथालाई टिपेर फिल्म 'सरी मम' बनाएको सुनाए । नविन बोगटीको निर्देशन रहेको फिल्ममा सरोज खनाल र सरिता लामिछाने, एलिस राई, प्रभात पल, प्रेविल कडेल, आरबि कटुवाल, बिहान श्रेष्ठ, युनिसा बजगाईँ, रेजिना मगर, सरोज बखुरेल, लालमणि भण्डारीको अभिनय छ ।




# 'चलचित्र होइन, प्रोजेक्ट बनिरहेका छन्'

■ भेषराज कार्की



**काठमाडौं–** ज्वलन्त सामाजिक विषयमाथि सशक्त चलचित्र तयार गर्ने निर्देशकको रूपमा भारतीय निर्देशक प्रकाश झा परिचित छन् । निर्मातासँगै केही समययता अभिनेताको रूपमा समेत प्रस्तुत भएका झाले वृत्तचित्रको सन् १९७५ मा सुरुआत गरेका थिए । भारतको विहारमा हुर्किएका झा भारतीय चलचित्र उद्योगमा आफ्नो प्रभाव छाड्न सफल भएका छन् ।

नेपालसित सीमा जोडिएको क्षेत्रमा हुर्किएका झा दोस्रो पटक नेपाल आएका हुन् । नेपाल अन्तर्राष्ट्रिय चलचित्र महोत्सवको तेस्रो संस्करणमा सहभागी हुन उनी पहिलो पटक काठमाडौं आएका थिए भने दोस्रो पटक काठमाडौं अन्तर्राष्ट्रिय पर्वतीय फिल्म फेस्टिभल (किम्फ) मा सहभागी भएर केही दिनअघि भारत फर्किएका छन् । 'गङ्गाजल', 'राजनीति', 'आरक्षण', 'चक्रब्युह', 'सत्याग्रह', 'आरक्षण' चलचित्र निर्देशन गरिसक्नुभएका झाले दर्शकले बुझ्ने भाषामा चलचित्र बनाउनुपर्ने बताए ।

'व्यावसायिक जोखिम कम गर्दै कलात्मक चलचित्र बनाउने कोसिस गर्नुपर्छ । चलचित्र भनेको व्यवसाय हो, त्यसैले हलसम्म आउने दर्शक तपाईको कामबाट सन्तुष्ट हुनुपर्छ । कलात्मक अभिव्यक्तिका लागि चलचित्र बनाउने गरेका छौं भन्ने सोच छ भने त्यो भ्रम हो', निर्देशक झाले भने, 'मैले दर्शकका लागि गङ्गाजल र राजनीतिजस्तो चलचित्र बनाएको छु ।'

निर्देशक झा सुरुआती समयमै 'दामुल', 'परिणाति', 'मत्युदण्ड'जस्ता चलचित्रले प्रशंसा बटुल्न सफल भए । तर अर्को काम गर्न आर्थिक लाभ दिन नसकेको उनीसित सम्झना छ । ती चलचित्रले उनको कामलाई चिनाउन सके पनि आम दर्शकलाई बुझ्न गाह्रो भयो । त्यही समस्या अहिले पनि भारतीय चलचित्र उद्योगमा उनले देख्छन् । कथावस्तुमा मेहनत नगरिनु यसको मुख्य कारण झा ठान्छन् ।

'कथावस्तु छाडेर प्रोजेक्ट बनाइरहनु गल्ती हो', उनले भने, 'पहिला कर्पोरेट हाउसले लगानी गर्दा कथावस्तुसँगै कलाकारको चयन निर्देशकले गर्थे । अहिले हाउसले नै स्टारको समयअनुसार चलचित्रको योजना बनाइरहेका छन् । कथामा नभई स्टारमा लगानी भइरहेको छ । त्यसैले अहिले प्रोजेक्ट बनिरहेको छ ।'

'आश्रम' नामक वेबसिरिजमार्फत ओटिटीमा प्रवेश गर्नुभएका निर्देशक झाले चलचित्र मन्दिरकै लागि 'धर्म क्षेत्र' र 'जनादेश' चलचित्रमा काम गरिरहेको जानकारी दिए । 'मेरो चलचित्रले कथा भनेका हुन् । त्यसले कुनै बहस अगाडि ल्याओस् भनेर म बनाउदिन तर आफूलाई लागेको कथा भन्छु । मेरो शैली भने फरक छ', निर्देशक झाले भने, 'कुनै चलचित्रमा प्रेमी र प्रेमिकाको बिछोडको कारण धनी र गरिबबीचको खाडल हुनसक्छ तर मैले त्यहाँ वैचारिक द्वन्द्व र सामाजिक सभ्यतालाई देख्छु । मैले सोच्ने र बुझ्ने कथा अन्यभन्दा फरक हुन् सक्छन् ।'

भारतको लोकसभा निर्वाचनमा समेत सहभागिता जनाइकेका निर्देशक झाले व्यवस्थाविरुद्धको आक्रोश चलचित्रमार्फत नै ल्याएको स्वीकारे । 'मैले नेता बनेर भन्न चाहेका तथ्यलाई चलचित्रमार्फत भनेको हुन सक्छु । किनकी चलचित्रकर्मी सरकारको विपक्षीको भूमिकामा रहनुपर्छ भन्ने मेरो बुझाइ छ', उनले भने । नेपाली चलचित्र र चलचित्रकर्मीसँग नजिक रहेका निर्देशक झाले आफ्नो आँखाले धेरै नेपाली कथा देखिरहेको बताए । यद्दपि, उनी नेपाली चलचित्र निर्देशन गर्ने कुनै योजनामा भने तत्काल छैनन् । नेपाली चलचित्र निर्देशकसँग सहकार्य गर्नसक्ने विषय भने उनले नकारेनन् ।

'मैले यहाँको कथा भन्न सक्दिन । किनकी मैले अहिलेसम्म आफ्नो ठाउँबाहेक अन्यन्त्रको कथा भनेको छैन तर, नेपाली चलचित्रकर्मीसँग नजिक भएर काम गर्न सक्छु । मेरो चलचित्रप्रतिको बुझाइलाई उहाँहरूले प्रयोग गर्नसक्नु हुन्छ', निर्देशक झाले भने, 'हाम्रैझैँ कथा र पटकथाको समस्या यहाँ पनि छ जस्तो लाग्छ । प्राविधिक झैँ कथावस्तुमा पनि मेहनत आवश्यक छ ।' उनको टोलीले केही नेपाली विषयवस्तुमा सहकार्य गर्ने गरी काम गरिरहेको जानकारी दिए । नेपाली चलचित्रलाई विश्वभर लैजाने सन्दर्भलाई उनी विषयवस्तुसित जोड्छन् । 'विश्वव्यापी विषयवस्तु नल्याउँदासम्म दर्शक पाउन सक्दैनौँ । स्टारको सट्टा विषयवस्तुमा मेहनत गर्नुस्', निर्देशक झाले भने । *रासस*


# मरिण गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## कपिलाकोट, सिन्धुली

## बागमती प्रदेश, नेपाल

# बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति: २०७९/०८/२८

मिति २०७९/०७/२५ गते **मध्यान्ह राष्ट्रिय दैनिक** पत्रिकामा प्रकाशित बोलपत्र आह्वान सम्वन्धी सूचना बमोजिम तपसिलका ठेक्काको लागि म्यादभित्र E-Bid मार्फत दर्ता भएका बोलपत्रहरुको मूल्यांकन गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ (ङ) को उपनियम ७ बमोजिम सारभूत रुपमा प्रभावग्राही भएका र प्राविधिक मूल्यांकनमा सफल बोलपत्रहरुमध्येबाट न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही निम्न अनुसारको बोलपत्रदाताको बोलपत्र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (१) बमोजिम स्वीकृतिको लागि छनौट गरिएकोले सोही ऐनको दफा २७ (२) र दफा ४७ को प्रयोजनार्थ सम्वन्धित सवै बोलपत्रदाताहरुको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| ठेक्का नं. | कामको विवरण | सप्लायर्सको नाम र ठेगाना | कबोल अंक रु. (मू.अ. कर बाहेक) |
|---|---|---|---|
| MRM/Goods (Livestock) /NCB/02/ 2079-080 (Re) | उन्नत जातका भैंसीको पाडी खरिद तथा आपूर्ति कार्य | साना किसान कृषि सहकारी संस्था लि., हजरिया-०२, सर्लाही | ६६,००,०००/- |

**प्रमुख प्रशासकीय अधिकृत**


## रंगशाला

### २० औं जयकर स्मृति टेबलटेनिस

# आयुश्मान क्वाटरफाइनलमा



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालका आयुश्मान हजुर घले २० औं जयकर स्मृति एटीएफ यु-१४ टेनिस प्रतियोगिताअन्तर्गत सर्किट- १ को ब्वाइज सिंगल्समा मंगलबार क्वाटरफाइनलमा प्रवेश गरेका छन् ।

नेपाल टेनिस संघको सहयोगमा मनजयकर टेनिस एकेडेमीद्वारा आयोजित प्रतियोगितामा आयुशले पाकिस्तानका जोहेब अफ्जल मलिकलाई ७-६(२) र ६-० को सेटमा पराजित गरे ।

ब्वाइज सिंगल्समै बंगलादेशका मोहम्मद तन्विर मुन तुसारले नेपालका दर्शिल श्रेष्ठलाई ६-४ र ६-३, यमनका हमुद इयादले भारतका आरभ धेकियललाई ६-४ र ६-१, हङकङका यु हिन वोङले भारतका किशोर श्रीरामलाई ६-४ र ६-३, भारतका सिद्धार्थ जिबुले हङकङका कि छियोङ मोरिस ताङलाई ७-६( ४) र ६-१, बंगलादेशका मोहम्मद अलिफ होसेनले भारतका आदित्य सिंहलाई ६-३ र ६-२, भारतका भिभान मिर्धाले श्रीलंकाका साहिल फज्लिनलाई ४-६, ६-४ र ६-१ तथा हङकङका छियुन हेइ काइसन फुङले नेपालका बोरिस अधिकारीलाई ६-२ र ६-४ को सेटमा हराउदै क्वाटरफाइनलमा स्थान सुरक्षित गरे ।

गर्ल्स सिंगल्समा नेपालका ४ खेलाडीले क्वाटरफाइनलमा स्थान बनाए । चारैले सोझो सेटमा जित हात पारे । प्रशंसा मोक्तानले बंगलादेशकी तयेबा खानोमलाई ६-४ र ६-०, शिभाली गुरुङले अमेरिकाकी नाला जोस्फिन मास्केलाई ६-२ र ६-३, आद्या पौडेलले बंगलादेशकी हुमिराह हैदरलाई ६-४ र ६-१ तथा स्वस्तिका विष्टले बंगलादेशकी जनातुन फर्डोस मितुलाई ६-० र ६-० को नतिजामा पाखा लगाउदै क्वाटरफाइनलमा स्थान बनाएका हुन् ।

सोही स्पर्धामा क्वाटरफाइनल प्रवेश गर्ने बाँकी खेलाडीमा भारतका रहे । प्रेरणा सन्ट्राले निभा श्रेष्ठलाई ६-१ र ६-०, तनिशा भत्नागरले कर्मिस्था नुगाह श्रेष्ठलाई ६-१ र ६-०, सान्भी रेडी भुन्यालाले समृद्धि महर्जनलाई ६-४, ६-७ (४) र ६-४ तथा हनी जुमानी गौरवले प्राज्ना मानन्धरलाई ६-१ र ६-१ को सेटमा पन्छाए । पराजित चारै खेलाडी नेपालका हुन् ।

सातदोबाटोस्थित टेनिस कोर्टमा भएको गर्ल्स डबल्समा भारतका प्रेरणा सन्ट्रा र सान्भी रेडी भुन्यालाको जोडीले भारतकी मेगालइ प्रकाश र नेपालकी निभा श्रेष्ठको जोडीलाई ६-० र ६-० को सोझो सेटमा हराउदै सेमिफाइनलमा पुगे ।


# Provincial Road Division Office, Dhading

## Invitation for Bids

## IFB No: PRDODHA/IFB04/2079/80

**Date of First Publication: 14th Dec, 2022, (2079/08/28)**

1. Provincial Road Division Office (PRDO), Dhading, Bagmati Province invites electronic bids from eligible bidders for the construction of contracts mentioned below.
2. Following invited bids should have qualification mentioned below:

| S.N | Contract ID | Project Name | Bid Security (Rs.) | Bid Document Fee (Rs.) | Estimate amount including VAT |
|---|---|---|---|---|---|
| 1 | PRDODHA/W/ NCB/R-1/2079/80 | Road improvement of Dhoka Bhanjyang Amarkhu Besimaldung, Thakre-3 | 178,000.00 | 3000.00 | 7,728,125.89 |
| 2 | PRDODHA/W/ NCB/R-2/2079/80 | Bhadaure Aahale Thapagaun Kaste Khola Sadak Staronnati, Tripurasundari-03 | 234,000.00 | 3000.00 | 10,144,577.50 |
| 3 | PRDODHA/W/ NCB/R-3/2079/80 | Aarughat -Salyantar-Aaginchowk-Bulung Bhanjyang-Fulkharka-Gumdi Chimchowk-Ri-Lapa sadak, Tripurasundari Ga.Pa.-6 | 178,000.00 | 3000.00 | 7,727,606.62 |
| 4 | PRDODHA/W/ NCB/R-4/2079/80 | Khanikhola-Toplang hudai Thaha Na.pa. Jodne Sadak,, Dhunibesi Na.Pa.-7, Dhading | 323,000.00 | 3000.00 | 14,007,246.74 |
| 5 | PRDODHA/W/ NCB/R-5/2079/80 | Piplamod Maheshphat Ramailochaur Kolpu Sadak, Dhunibesi Na.Pa-3, Dhading | 112,000.00 | 3000.00 | 4,829,557.32 |
| 6 | PRDODHA/W/ NCB/R-6/2079/80 | HugdiKhola Jayapuri Chitwonko Shaktikhor Sadak Buddha Marga Starronnati Dhalan Benighat Rorang-10 | 446,000.00 | 3000.00 | 19,319,873.29 |
